धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक   जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्

ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ४९ ◆ २०८३ भदौ २० शनिबार ◆ Saturday, September 5, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## चौलानी नदीको बहाव सामान्य

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । दार्चुलाको अपिहिमाल गाउँपालिका वडा नं १ भट्टारमा पहिरोले आंशिक थुनिएको चौलानी नदीको बहाव सामान्य भएको जिल्ला प्रशासन कार्यालय दार्चुलाले जनाएको छ ।

शुक्रबार दिउँसो खसेको पहिरोले केही समय चौलानी नदी आंशिक थुनिएकामा केहीबेरपछि सामान्य अवस्थामा नै खुलेको थियो । दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी मोहनसिंह धामीले अहिले चौलानी नदी सामान्य अवस्थामा बग्न थालेको सूचना पाइएको जानकारी दिनुभयो । पहिरोले अपिहिमाल आधार शिविर जाने मार्ग भने अवरुद्ध गरेको उहाँले राससलाई जानकारी दिनुभयो । "अहिले पहिरो झर्नेक्रम रोकिएको छ, थुनिएको नदी खुलिसकेको छ", उहाँले भन्नुभयो । सो ठाउँमा विगतमा पनि पहिरो गएको उहाँले सुनाउनुभयो । पहिरोबाट नजिकैको बस्ती जोखिममा परेको छ ।

यद्यपि, आजको पहिरोले बस्तीमा क्षति पुगेको छैन । सो क्षेत्रबाट माथि अपिहिमालको आधार शिविर पर्दछ ।

यसअघि पहिरो खसेर सो नदी केही थुनिएको सूचना प्राप्त हुनेबित्तिकै जिल्ला प्रशासन कार्यालयले तटीय क्षेत्रमा सतर्कता अपनाउन सूचित गरेको थियो ।

## परेवाभिरमा सडक मर्मत गरिँदै

धादिङ । पृथ्वी राजमार्गअन्तर्गत धादिङको गजुरी गाउँपालिका-२ स्थित परेवाभिर सडकखण्डमा मर्मत गर्न यही भदौ २० गते शनिबार १२ घण्टा सवारी आवागमन पूर्ण रूपमा बन्द गरिने भएको छ ।

जिल्ला प्रशासन कार्यालय धादिङद्वारा शुक्रबार जारी सूचनामा यही भदौ २० गते शनिबार बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म उक्त सडक खण्डमा एम्बुलेन्स र शववाहनबाहेक अन्य सबै सवारी साधन सञ्चालनमा रोक लगाएको हो ।

यही भदौ १० भोटेकोशी सहित त्रिशुली नदीमा आएको बाढीका कारण परेवाभिरस्थित पृथ्वी राजमार्गमा क्षति पुगेपछि हाल उक्त सडकखण्डबाट एकतर्फी रूपमा सवारीसाधन सञ्चालन हुँदै आएका थिए । क्षतिग्रस्त सडकको आवश्यक मर्मत गर्न सवारी आवागमन रोक्नुपर्ने अवस्था आएको प्रशासनले जनाएको छ ।

बाढीका कारण धादिङको बेनिघाट रोराङ गाउँपालिका ७ कृष्ण भिरमा पूर्ण रूपमा सडक अवरुद्ध भएको छ भने बेनिघाट १० जवाङखोला र थाक्रे २ को कमेरेभिरमा एकतर्फी सडक सञ्चालनमा रहेको छ ।

एकतर्फि सडकमा मात्र सवारी सञ्चालन हुँदै आएको गजुरी -२ परेवाभिरमा शनिबार आवागमन पूर्ण रूपमा बन्द गरि सडक मर्मत गरिने भएको हो ।

## हेटौंडा-काठमाडौं वैकल्पिक सडक सञ्चालनको तयारी

हेटौंडा । बागमतीप्रदेश सरकारले हेटौंडा-काठमाडौं आवागमन सहजबनाउन भीमफेदी-कोगटे-ईपा-सिस्नेरी सडकलाई वैकल्पिक मार्गका रूपमा सञ्चालन मा ल्याउने प्रक्रिया अघि बढाएको छ ।

पृथ्वी राजमार्गअन्तर्गत धादिङको कृष्णभिरमा पहिरोका कारण यातायात प्रभावित भएपछि वैकल्पिक सडकको आवश्यकता बढेसँगै प्रदेश सरकारले उक्त सडकको आवश्यक मर्मत तथा स्तरोन्नति गरी सञ्चालनमा ल्याउने तयारी गरेको हो ।

मुख्यमन्त्री किरण थापा मगरले मुख्य राजमार्गमा पटकपटक देखिने अवरोधका कारण हेटौंडा-काठमाडौं आवतजावत प्रभावित हुने समस्या न्यूनीकरण गर्न वैकल्पिक सडकलाई प्राथ-मिकतामा राखिएको जानकारी दिनुभयो ।

मुख्यमन्त्री थापा, भौतिक पूर्वाधार विकासमन्त्री भरतबहादुर केसी, मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहट्टा र भीमफेदी गाउँ पालिकाका अध्यक्ष हिदमलामा सहितको टोलीले बिहीबार भीमफेदी- कोगटे-ईपा-सिस्नेरी सडकखण्डको स्थलगत निरीक्षण गरेको थियो ।

मुख्यमन्त्री थापाकाअनुसार उक्त सडकको मर्मत तथा स्तर उन्नति का लागि प्रदेश सरकारले चालु आर्थिक वर्षमै बजेट विनियोजन गरेको छ ।

सडकको अवस्था हेरेर तत्काल आवश्यक मर्मतको काम अघि बढाइ सवारी आवागमन योग्यबनाउने प्रदेश सरकारको तयारी रहेको उहाँले बताउनुभयो । हेटौंडा-काठमाडौं आवागमनका लागि थप विकल्प उपलब्ध हुने तथा पृथ्वी राजमार्ग लगायतका मुख्य सडक अवरुद्ध भएका बेलायात्रु तथा सवारी साधनलाई वैकल्पिक मार्गबाट गन्तव्यतर्फ पठाउन सहजहुने अपेक्षा गरिएको छ ।

## नानीबाबुहरूको सुरक्षित भविष्यका लागि लागिरहेका छौं : प्रम

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । प्रधानमन्त्री बालेन्द्र शाहले श्रीकृष्ण जन्माष्टमीका दिन बाढी प्रभावित क्षेत्रका बालबालिका नाममा सन्देश जारी गर्नुभएको छ । शुक्रबार सामाजिक सञ्जालमा नानीबाबुहरूलाई सम्बोधन गर्दै उहाँले भन्नुभएको छ, "तपाईंहरू भोलिका उज्याला झुल्काहरू हुनुहुन्छ । यहाँहरूको सुरक्षित भविष्यका लागि हामी लागिरहेका छौं । जतिसक्छौं हामी खटिरहेका छौं । त्यसमा यहाँहरूको पनि साथ मिल्ने नै छ ।"

उहाँले अगाडि थप्नुभएको छ, "तर, यसपालिको यो उत्सवमा रसुवा भोटेकोशी बाढी प्रभावित क्षेत्रका नानीबाबुहरू त्यसरी खुसी हुन सक्नुभएन । उहाँहरू गहिरो पीडामा हुनुहुन्छ । कतिपयले यो पीडा व्यक्त गरिरहनुभएको छ भने कतिपय स्तब्ध हुनुहुन्छ ।"

प्रधानमन्त्री शाहले कतिपय नानीबाबुहरूले अचानक के-के भयो, कतिले त सोच्नसमेत नभ्याएको बताउनुभएको छ । "नानीबाबुहरूका आँखाले आफ्ना बाबुआमा र आफन्त खोजिरहेका होलान् । कतिपय बाबुनानीहरूले विपद्को १०औं दिनसम्म आइपुग्दा हाम्रो प्यारो देश नेपालले अहिले ठूलो विपद् भोग्नुपरेको छ भन्ने थाहा पाइसक्नुभएको होला", उहाँले उल्लेख गर्नुभएको छ । देश दुःखी भएको र बालबालिका कति साथीहरू छुटिनुभएको तथा कति घर र बस्तीहरू खण्डहर बनेको बताउनुभएको छ । "खेल्ने कुदने चौरहरू पुरिएका छन् । यहाँहरूको आफ्नै ठाउँ आज विरानोजस्तै बनेको होला", उहाँले लेख्नुभएको छ ।

प्रधानमन्त्री शाहले बाढी गएलगत्तै सरकारले प्रभावित क्षेत्रबाट गम्भीर घाइते, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू र वृद्धवृद्धासँगै बालबालिकालाई पनि उद्धारमा पहिलो प्राथमिकता दिएको र त्यो क्रम अहिले पनि जारी रहेको बताउनुभयो ।

"हामीले प्रभावित क्षेत्रमा सञ्चालन गरिरहेका होल्डिङ सेन्टरमा यहाँहरू बसिरहनुभएको छ । हामीलाई थाहा छ यहाँहरूका लागि यो बसाइ सहज छैन । तर, हामी चाँडै नै सुरक्षित र सहज बसोबास को व्यवस्था गर्नेछौं । पुनः यहाँहरूलाई आफ्नो भविष्यको सपना बुन्ने वातावरण तयार गरिदिनेछौं", उहाँले भन्नुभयो ।

प्रधानमन्त्री शाहले विपद् फेरि पनि आउन सक्ने उल्लेख गर्दै जलवायु परिवर्तनको ठूलो असर हाम्रो हिमालय क्षेत्रमा परिसकेको बताउनुभयो । साथै हामीमाथि परेको विपद्को यो बज्रपातबारे सारा संसारले थाहा पाइसकेको तर पनि हामीले भोग्न थालेको पीडा र विपद् जोखिमबारे विश्व समुदायलाई निरन्तर जानकारी गराइराख्नुपर्ने आवश्यकता पनि औंल्याउनुभयो । "प्रभावित क्षेत्रका नानीबाबुहरूले प्रत्यक्ष विपद् भोग्नुभयो । अन्य क्षेत्रका नानीबाबुहरू पनि उत्तिकै सतर्क रहनुहोला । यहाँहरूले आफ्नो सुनौलो भोलिका लागि आजैदेखि विपद्सँग लड्न, बच्न र अरूलाई बचाउन सिक्नुपर्छ", उहाँले भन्नुभयो ।

प्रधानमन्त्री शाहले पूर्व तयारीका लागि विभिन्न कुरामा ध्यान दिन आग्रह गर्नुभएको छ । उहाँले विपद् झोला, ससानो बचत र अध्ययन र छलफलमा ध्यान दिन आग्रह गर्नुभएको छ । जलवायु परिवर्तन भनेको के हो र यसले हामीलाई के असर पारिरहेको छ भन्नेबारे अध्ययन सुरु गर्न आग्रह गर्नुभएको छ । साथै एकापसमा यस्ता विषयमा छलफल गर्न र जनचेतना फैलाउने काममा अगाडि बढ्न पनि सुझाव दिनुभएको छ ।

"विपद्को भाषा विनास र दुःख हो, तर यस्तो सङ्कटका बेला हामीले एकता, सद्भाव र भ्रातृत्वको भावना मनमा राखेर काम गर्नुपर्छ", उहाँले भन्नुभएको छ, "श्रीकृष्णले पनि भन्नुभएको छ सङ्घर्ष र विपद्को समयमा हार मानेर वा निरास भएर बस्ने होइन । धैर्य, कर्तव्य र एकताका साथ अघि बढ्नुपर्छ । हामी रोकिदैनौं । त्यसैले हामी सबै मिलेर यो विपद्को सामना गरौं र सुरक्षित एवं उज्यालो नेपालको निर्माणमा जुटौं ।"

## संयुक्त राष्ट्रसङ्घद्वारा नेपाललाई सहयोग गर्ने

काठमाडौं । संयुक्त राष्ट्रसङ्घले भोटेकोशी बाढीका कारण प्रभावित भएका नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि चार करोड ९६ लाख अमेरिकी डलर बराबरको रकम सहयोग गर्ने जनाएको छ ।

मानवीय सहायताका साझेदार निकायसँग बाढीपछि सिर्जित विपद्को राहतका लागि उक्त रकम सहयोगको अपिल गरेको हो ।

भोटेकोशी तथा त्रिशूली नदीमा गएको विनाशकारी बाढी र पहिरोबाट प्रभावित ८४ हजारभन्दा बढी नागरिकसम्म जीवनरक्षक सहायता पुर्‍याउन अन्तरराष्ट्रिय निकायसँग आज राष्ट्रसङ्घले अपिल गरेको हो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा सरकारले तयार पारेको हिउँद सुरु हुनुअघिका लागि (चार महिने) योजनालाई उक्त सहयोग रकमले प्राथमिकताका साथ सम्बोधन गर्ने नेपालस्थित राष्ट्रसङ्घको कार्यालयले जनाएको छ । उच्च हिमाली भेगका बस्तीमा हिउँद सुरु हुनुअघि हुनसक्ने कष्ट र सरुवा रोगको जोखिम रोक्नु यसको मुख्य उद्देश्य रहेको राष्ट्रसङ्घद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

संयुक्त राष्ट्रसङ्घ र मानवीय सहायताका साझेदार निकायहरू नेपाल सरकारले सञ्चालन गरिरहेको उद्धार तथा राहत कार्यसँगै समन्वयमा रहेर काम गरिरहेका छन् । यही भदौ १० गते भोटेकोशी नदीमा गएको बाढीका कारण निम्तिएको विपद्मा हालसम्म रसुवा, नुवाकोट र धादिङ जिल्लाका थुप्रै बस्ती विस्थापित भएका छन् ।

भौतिक पूर्वाधारमा भएको व्यापक क्षतिका कारण यातायातका मार्ग अवरुद्ध छन्, विद्युत् प्रणालीमा असर परेको छ भने खानेपानी तथा सरसफाइका संरचना बगेका छन् । यसले विकट भेगका बासिन्दालाई आधारभूत आवश्यकताबाट समेत वञ्चित बनाएको छ । "जोखिममा रहेका समुदायको सुरक्षा गर्न यो संयुक्त योजनाले विभिन्न क्षेत्रका अत्यावश्यक मानवीय आवश्यकता लाई सम्बोधन गर्नेछ । स्थानीय बजार सञ्चालनमा रहेका ठाउँमा प्रभावित परिवारलाई प्रत्यक्ष नगद उपलब्ध गराइनेछ । हिउँद लाग्नुअघि विस्थापित परिवारलाई जाडोबाट जोगाउने अस्थायी आवास सामग्री वितरण गरिनेछ भने विद्युत् नपुगेका ठाउँमा घरपरिवारलाई सौर्य उपकरण उपलब्ध गराइ बत्ती र आधारभूत ऊर्जाको व्यवस्था मिलाइनेछ", राष्ट्रसङ्घद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

यस योजनाबाट क्षतिग्रस्त खानेपानी प्रणालीको मर्मत, द्रुत पानी शुद्धीकरण प्रणालीको जडान र सरसफाइ सामग्री वितरणमार्फत पानीजन्य रोगको फैलावट रोकिने अपेक्षा गरिएको छ । त्यस्तै घुम्ती स्वास्थ्य शिविरमार्फत तत्काल उपचार र पोषण सहयोग उपलब्ध गराइनेछ भने परिवारबाट छुट्टिएका बाल बालिकालाई पुनर्मिलन गराउन संरक्षण समूह परिचालित हुनेछन् । यसका साथै आकस्मिक खाद्य सहायता वितरण र बाँचेका पशुधनको व्यवस्थापनमार्फत ग्रामीण जीविकोपार्जन जोगाउने काम हुनेछ ।

"भोटेकोशी तथा त्रिशूली नदीमा आएको विनाशकारी बाढी र पहिरोबाट परिवारहरूले केही क्षणमा आफ्ना परिवारजन, घर र बाँच्ने आधार गुमाएका छन्",

नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजक लिला पिटर्स याहियाले भन्नुभयो, "यो अपिलको मुख्य प्राथमिकता भनेको सरकारकै नेतृत्वमा हिउँद लाग्नुअघि सबैभन्दा दुर्गम बस्तीसम्म ओत, उपचार, सफा पानी र नगद सहयोग पुर्‍याउनु हो ।"

## लागुऔषधसहित विभिन्न स्थानबाट २० जना पक्राउ

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । प्रहरीले मुलुकका विभिन्न स्थानबाट अवैध लागुऔषध सहित २० जनालाई पक्राउ गरेको छ । प्रहरीले झापा, बाँके, नवलपरासी पश्चिम, सुनसरी, कैलाली, सुर्खेत र सर्लाही अवैध लागुऔषध सहित २० जनालाई पक्राउ गरेको हो । झापाको झापा गाउँपालिका-४ सुकुमबासी बस्तीबाट एक, दमक नगर पालिका-५ यलम्बर चोकबाट एक, बाँकेको नेपालगञ्ज उप महानगर पालिका-१३ गङ्गापुर बाट तीन, नवलपरासी पश्चिम, रामग्राम नगरपालिका-४ जितपुरबाट एक जनालाई पक्राउ गरिएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । त्यस्तै, सुनसरीको देवानगञ्ज गाउँपालिका-३ बाट एक, इटहरी उपमहानगरपालिका-२० बाट दुई, रामधुनी नगरपालिका-५ बसपार्क स्थित चाम्लिङ होटल एण्ड लजबाट दुई, कैलाली को धनगढी उपमहानगरपालिका-८ कान्तिपुर टोलबाट तीन, धनगढी-७ मोति चोकबाट एक, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-११ सुब्बाकुनाबाट चार र सर्लाहीको लालबन्दी नगरपालिका-८ गुम्बाटोलबाट एक जनालाई पक्राउ गरी आज सार्वजनिक गरिएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । प्रहरीका अनुसार यस सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको छ ।

सम्पादकीय ....

## सन्दर्भ बैदेशीक पलायनको

नेपालको वर्तमान राजनीति अति तरल अवस्थामा गुज्रेको देखिन्छ। नेपालका शासक वर्गले नेपाल र नेपालीहरूको वर्तमान र भविष्यको विश्लेषण गर्न सकेको जस्तो देखिँदैन। यसको मतलव कसैमा पनि राज्यप्रतिको अपनत्वको भावना परिपक्व नभएको हो कि भन्ने भान हुन्छ।

हाल नेपालमा क्रियाशील राजनीतिक दलका नेताहरूले चोक चोकमा गर्ने गरेका भाषण र धारणा सुन्दा साँच्चै राष्ट्रवादी नै हुन कि भने झैं लाग्छ तर व्यवहार हेर्दा सत्ता र पैसाको स्वादमा बर्बराएका हुन कि जस्तो पनि देखिन्छ।

निर्वाचनको बेलामा झुटा आश्वासनयुक्त कागजी खोस्टा तयार पारेर लाखौं खर्च गरेको देखिन्छ। ती घोषणापत्र न कार्यान्वायन गर्न कुनै राजनीतिक दल तयार देखिन्छन् न त तिनिहरूको झुठा प्रचारको विरुद्ध कारबाहीको कानुनी प्रावधान नै छ।

राज्य तथा त्यस भूगोलमा आवश्यक कार्ययोजना बनाउन कोही पनि सकारात्मक देखिँदैन। न त नागरिकहरू नै आफ्नो आवश्यकतामा प्रष्ट नै छन्। यसको अर्थ भनेको आम नागरिकहरू चरम निराशा र राजनीतिक दल प्रति अविश्वासको घेरामा फसेका छन्। बरु नागरिकहरू निर्वाचनको बेलामा मात्र भए पनि खान पिउन र रमाइलो गर्न पाए हुन्छ भनेर अवसरलाई खिल्ली उडाइरहेका छन्।

अहिलेको जल्दोबल्दो आवश्यकता कसैले पनि बुझ्न सकेको देखिँदैन। नागरिकहरूको ध्यान जसरी भए पनि अधिक पैसा कमाउनेतर्फ रहेको छ। अनि सरकारको ध्यान कसरी सरकारमा टिकिरहने र आगामी निर्वाचन कसरी आफ्नो पोल्टामा पार्नेभन्दा फरक कसैमा दखिँदैन।

नेपाल अहिलेको गतिविधि आँकलन गर्दा छिट्टै चरम पुँजीवादी फन्दामा फस्दै छ। अहिले नागरिकदेखि सरकार सञ्चालन गर्ने सबैको मुख्य लक्ष्य धनाढ्य बन्ने देखिन्छ। जसको कारण मानवता हराउँदै गएको छ। पैसाको लागि परिवारमा विचलन आएका घटनाहरू औंल्याउन नसकिने अवस्थामा छन्। छोराछोरी पैसा कमाउन जाने र पठाउने शिलशिलामा लाखौं घर सुनसान बन्दै गएको र कैयन बाआमाहरू साहाराविहीन बन्दै गएका अवस्था छ। यस्तो परिवेशलाई गम्भीरतासाथ कुनै निकायले लिएको देखिँदैन। यही अवस्था नसुध्रनेरिने हो भने निकट भविष्यमा नेपालको समाज हामीले अहिले कल्पना गरेभन्दा निकै पर पुगिसकेका हुनेछ। युवा जनशक्तिहरू पैसाको खोजीमा विश्वको कुनाकुनामा भौतारिँदै छ। झट्ट अहिले हेर्दा उनीहरू पनि आम्दानीको स्तर हेर्दा दंग परेको पनि देखिन्छ। तर, यसको असर कालान्तरमा विकराल बन्ने कुरा निश्चित छ। केही समयपछि नेपाल र नेपालीहरूको भविष्य के होला ? भनेर अहिले कसैले कल्पनासम्म पनि गरेका छैनन्।

खासमा हाम्रो व्यक्तिगत सम्पत्ति भनेको स्वस्थ जीवन हो। राष्ट्रिय सम्पत्ति भनेको जनशक्ति, जमिन, जंगल र जल हो। यिनै सम्पत्तिहरूको बुद्धिमत्तापुर्ण उपयोग नै समग्र राष्ट्रिय उन्नतिको आधार हो। यहाँ त कसरी राज्यलाई सबल बनाउने भन्ने सोच्न पनि भ्याएको देखिँदैन। राज्यमा क्रियाशील दलहरूको चिन्ता भनेको कसरी आफ्नो दल ठूलो बनाउने भन्नेमा मात्र केन्द्रित देखिन्छ।

# अस्पतालमा बेपत्ता तस्बिर हेर्दै टोलिइरहेका आँखा

मधु शाही

अस्पतालको भित्ता हराएका व्यक्तिहरुको तस्बिरले भरिएको छ। कोही आफन्तको तस्बिर बोकेर हिँडिरहेका छन्, कोही उद्धार गरेर ल्याइएका व्यक्तिहरूको विवरण खोजिरहेका छन्। कसैको आखाँमा आशा छ भने कसैको मुहारमा थकान। तर, सबैको साझा खोज छ, बेपत्ता भएका आफन्तको खबर पाउने।

माथिको शब्द दृश्य महाराजगन्ज स्थित टिचिङ अस्पतालको हो। भोटेकोशी नदीमा आएको बाढीपछि सम्पर्कविहीन भएका व्यक्तिहरुका आफन्तजन खोजी गर्दै अस्पतालको परिसरमा दौडधुप गरिरहेका छन्। त्यही खोजीको भीडमा हुनुहुन्थ्यो, रामेछापका रामहरि मानन्धर। बुधबार अस्पतालमा बाढीमा बेपत्ता हुनुभएका दिदी पार्वती मानन्धरको तस्बिर बोकेर उहाँ अस्पताल परिसरमा यताउता गरिरहनुभएको थियो।

बाढीपछि रसुवागढीस्थित अध्यागमन कार्यालयमा कार्यरत खरिदार पार्वतीले सम्पर्कविहीन हुनुभएको उहाँले जानकारी दिनुभयो। रामहरि र आमा चन्द्रकुमारी शिक्षण अस्पतालमा हरेक दिन धाउनुहुन्छ। दिदीको फोटो देखाउँदै अस्पतालमा रहेको सुरक्षाकर्मी र स्वास्थ्यकर्मीसँग सोधिरहनुहुन्छ, "मेरो दिदी भेटिनुभयो कि ?"

रामहरिका लागि पार्वती दिदीसँगै घर खर्च धान्ने दरिलो खम्बा हो। "पहिला पढाइ पूरा गर्नु अनि जागीर खोज्नु", भन्दै दिदीले शिक्षामा दिनुभएको प्राथमिकता रामहरि अहिले झलझली सम्झिए। रामहरिका अनुसार घरको आर्थिक स्थिति कमजोर भएका कारण कान्छो भाइ एइई सकेर क्याम्पस भर्ना गर्न बाँकी थियो। यसै महिना कान्छो भाइको पनि क्याम्पस भर्ना गर्ने भन्दै दिदी पार्वतीले बताउनु भएको थियो। तर, अहिले भने बेपत्ता दिदी कहाँ र कस्तो अवस्थामा छन ? बेखर रहेको रामहरिले बताउनुभयो। पार्वतीकी आमा चन्द्र कुमारीलाई छोरी भेटिने आशा छ। सानैदेखि सङ्घर्ष गरेर सरकारी जागीरे खाएकी २२ वर्षे पार्वतीको आँटिलो स्वभावले जसरी पनि भेटिने आमा चन्द्रकुमारीको अन्तर मनको भरोसा छ। उहाँका अनुसार जस्तोसुकै अवस्थामा भए पनि छोरी भेटिन्छे भन्ने लागेको छ। छोराछोरी हुर्काउन र पढाउन चन्द्रक लाले निकै सङ्घर्ष गरेको बताउनुहुन्छ। छोरी पार्वतीलाई मात्रै पढाउन उहाँले श्रीमान्सँग धेरै पटक विवाद गर्नु परेको सुनाउनुभयो। "श्रीमान्ले छोरी नपढाए हुन्छ भन्नुहुन्थ्यो", उहाँले भन्नुभयो, "ईंटाभट्टामा मजदुरी गरेर भए पनि छोरी पढाए, हुर्काए। अहिले कहाँ खोज्न जाउँ।" पार्वतीले गत वैशाखमा खरिदारमा नाम निकाले पछि चन्द्रकुमारीका आँखामा हेर्दै 'अब हाम्रा सुखका दिन आए आमा' भन्दै खुसी क्षण साटेको सम्झिनुहुन्छ। छोरी पार्वतीले भनेजस्तै चन्द्र कुमारीको जीवन दुःखबाट सुखतिर मोडिदै थियो। उहाँको यो खुसी भदौ १० गतेदेखि धमिलिएको छ। उहाँ भन्नुहुन्छ, "छोरी हराएसँगै घरको आड भरोसा नै हरायो।"

रसुवाका ५८ वर्षे फुर्पु तामाङले छोरा बुहारी, दुई नातिनी र एक नाति गरी परिवारका पाँच सदस्य बेपत्तामा छन्। पहाडमा भएको पुर्खाको घर छोडेर तल्लो भाग स्याफ्रुबेंसीमा बस्दै आउनु भएको थियो। फुर्पु र उहाँको श्रीमती रसुवाको माथिल्लो पहाडी भेगमा बस्नुहुन्छ। बाढी आइरहँदा फुर्पुले कालोमुस्लोसहित भेल आएको देख्नुभयो। उर्लिदै आएको मुस्लो देखेर छोरा, बुहारीलाई फोन सम्पर्क गर्न खोज्नुभयो। तर, फोन सम्पर्क हुन सकेन। फुर्पु भन्नुहुन्छ, "एक जना मात्रै भेटिए पनि हुन्थ्यो। मेरो त बुढेसकालको साहारा नै हरायो।" गाउँ नै बगाएकाले छोरा, बुहारीको खबर सोध्ने छिमेकी कोही छैनन्। उहाँले कसलाई कहाँ गएर खोज्ने भन्ने अन्योलमा रहेको बताउनुभयो। खोज्ने थलो अस्पतालबाहेक अरु कतै नदेखेपछि उहाँ हरेक दिन अस्पताल आउने गरेको सुनाउनुभयो। श्रीमतीलाई छोरा आउँछ भन्दै आश्वासन दिइरहेको उहाँले सुनाउनुभयो। मुटुको रोगी श्रीमतीको स्वास्थ्य बिग्रिने हुँदा झुटो बोल्न उहाँ बाध्य हुनुहुन्छ। "निर्धक्क रुन पनि सक्दिन। म नै कमजोर भए भने श्रीमतीलाई कसले समाल्छ ?", उहाँले भन्नुभयो, "मन भारी बनाएर हराएको छोरो खोजिरहेको छु।"

भोटेकोशी नदीमा आएको बाढीमा परी बेपत्ता भएका व्यक्तिहरुका आफन्तजन खोज्दै अस्पताल आउने सङ्ख्या बढ्दै गएको छ। हराएका परिवारको सदस्य र आफन्त खोज्दै विदेशमा रहेका आफन्तसमेत नेपाल आउनुभएको छ। सिन्धुपाल्चोक हेलम्बु-४ का बक्सिङ तामाङले भोटेकोशी नदीमा आएको बाढीमा सम्पर्कविहीन भएका भाई सुनबहादुर तामाङलाई खोज्दै नेपाल आउनुभयो। उहाँका अनुसार बाढी आएको चार दिनसम्म जापानमै सामाजिक सञ्जालमार्फत भाइ खोजिदिन अपिल गरेको भए पनि त्यसले कुनै प्रभाव नपरेपछि आफैं नेपाल आएको बताउनुभयो। अहिले महाराजगञ्जस्थित शिक्षण अस्पतालको परिसरमा बेपत्ता भएका भाइ सुनबहादुरको तस्बिर देखाउँदै खोजिदिन अपिल गरिरहनुभएको छ। उहाँले भन्नुभयो, "जापानबाट आएको भोलिपल्टै भाइ खोज्दै बाढी प्रभावित क्षेत्र त्रिशुली पुगे। त्यहाँ पनि भेटिन। अहिले अस्पतालमा धाइरहेको छु।" बक्सिङका अनुसार सुनबहादुर रसुवाको जलविद्युत् आयोजनामा खाना पकाउने काम गर्नुहुन्थ्यो। भाइसँगै काम गरेर सबै साथीहरु घर फर्किएको सुनाउँदै बक्सिङले आफ्नो भाइ पनि भेटिने आशा राखेको सुनाउनुभयो।

रसुवा टिमुरेबाट बेपत्ता हुनुभएका खोटाङ घर भएका दोर्ची शेर्पालाई उहाँको भतिजी सपना शेर्पा खोजी गर्दै काठमाडौंका अस्पतालमा चाहर्नुभएको छ। कामको सिल-सिलमा रसुवा बस्दै आउनु भएको काकाकाकी र दुई छोराछोरी बेपत्ता भएको उहाँले सुनाउनुभयो। जसमध्ये, काकी भने कतै भेटिनु भएको भन्ने खबर सुन्नमा आएको उहाँले बताउनुभयो। तर, कहाँ भेटिनुभएको छ अहिलेसम्म सम्पर्कमा नआएको सपनाले सुनाउनुभयो। काकी भेटिएको खबरले एकातिर खुसी दिएको छ भने अर्कोतिर काका र ससाना भाइबहिनीको बेखरले निराशा बनाएको छ। सपना भन्नुहुन्छ, "काकी भेटिनुभएको सुनेर मनमा आशा पलाएको छ।"

सिन्धुपाल्चोक, बेँसी नगरपालिका-१२ का रुपेश श्रेष्ठका ससुरा बा र मामाको छोरा खोज्दै हरेक दिन शिक्षण अस्पताल धाउनुहुन्छ। सवारी चालक काम गर्ने ससुरा बा र मामाको छोरा खोज्न रुपेश चितवनदेखि काठमाडौं का विभिन्न अस्पतालमा जानुभएको छ। "आफन्तको सहयोगमा हेलिकप्टरको प्रयोग गरी चितवन सम्म खोज्न पुग्यौं। तर, कुनै पत्तो लागेन", उहाँले भन्नुभयो, "अस्पतालमा आउँछौं, खोज्छौं फर्किन्छौं। दैनिकी यसरी बितेको छ।" आफन्त खोज्न उहाँहरु हरेक दिन हातमा बेपत्ता आफन्तजनको तस्बिर बोकेर सैनिक अस्पताल, मनमोहन अस्पताल, नर्भिक अस्पताल, ट्रमा अस्पतालदेखि शिक्षण अस्पतालमा निरन्तर सम्पर्क गरिरहनुभएको छ। बिहानदेखि बेलुका ७/८ बजे अस्पतालमै बित्ने गरेको उहाँले सुनाउनुभयो। चिनजानमा रहेका साथीहरु सबै बाढीमा बेपत्ता भएको उहाँले बताउनुभयो। सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-८ का यमबहादुरका छोरा सौगात गिरी बेपत्ता हुनुहुन्छ। वसन्त भनेर चिनिने उहाँ टिमुरेमा मालवाहक ढुवानी चलाउने काम गर्दै आउनुभएको थियो। टिमुरेमा बाढीसँगै बेपत्ता हुनुभएको उहाँले अन्तिमपटक बुहारीसँग भदौ १० गते ८.३० बजे कुराकानी भएको यमबहादुर बताउनुहुन्छ। छोरोको साथीले बीचबाटै टिमुरेमा सवारी लिएर जान भनेपछि उतै गएको खबर मात्रै उहाँले पाउनुभएको छ।

# अब पुनरुत्थानमा नमुना काम गर्नुपर्छः मन्त्री रावल

त्रिशूली। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित क्षेत्रका बासिन्दाको खोज तथा उद्धार, राहत वितरण एवं पुनरुत्थानका विषयमा जिल्लास्थित सरोकारवाला सँग छलफल गर्नुभएको छ।

बिहीबार नुवाकोट आउनु भएकी मन्त्री रावलले भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीबाट सबैभन्दा बढी क्षति पुगेको बिदुर नगरपालिकाका विभिन्न क्षेत्रमा पुगेर जनधनको क्षति, उत्पन्न समस्या तथा तत्काल गर्नुपर्ने समाधानका विषयमा सम्बन्धित पदाधिकारीसँग अन्तरक्रिया गर्नु भएको हो। बिदुर नगरपालिकाका जनप्रतिनिधिसहित जिल्लास्थित सरोकारवालासँगको छलफलमा मन्त्री रावलले अकल्पनीय विपत्तिका बीच जतिसक्दो छिटो गरिएको खोज तथा उद्धार, विस्थापित नागरिकलाई सुरक्षित स्थानमा राख्न सञ्चालन गरिएको 'होल्डिङ सेन्टर' तथा त्यसको व्यवस्थापनको प्रशंसा गर्नुभयो।

"जनप्रतिनिधि र कर्मचारी स्वयं प्रभावित भएको अवस्थामा पनि दिनरात नभनी बाढीपीडितको असहज परिस्थितिलाई सहज बनाउन पुऱ्याएको योगदान उच्च छ", मन्त्री रावलले भन्नुभयो, "अकल्पनीय विपत्तिमा गरिएको उद्धार, विस्थापित नागरिकलाई सुरक्षित बासस्थानमा राख्ने कार्य र असहज परिस्थितिलाई सहज बनाउन भएका अभ्यास सबैका लागि नमुना बनेका छन्।

अब यही सन्देश पुन रुत्थानको काममार्फत पनि दिनुपर्दछ।" मन्त्री रावलसँगको छलफलमा बिदुर नगरपालिकाका नगरप्रमुख राजन श्रेष्ठले बाढी पीडित नागरिकका लागि तत्कालीन राहतसँगै दीर्घकालीन पुनःस्थापना र सुरक्षित बसोबास सुनिश्चित गर्न तीन तहका सरकारबीच विशेष पहलसहित निरन्तर सहकार्य आवश्यक रहेको बताउनुभयो। नगरप्रमुख श्रेष्ठले तत्कालको उद्धार कार्य सम्पन्न भए पनि बाढीबाट प्रभावित नागरिकका घर तथा संरचनाको खोजी, अवरुद्ध सडक तथा पहुँच मार्ग तत्काल सञ्चालनमा ल्याई प्रभावित क्षेत्रको आवागमन सहज बनाउनुपर्नेमा जोड दिनुभयो। साथै, विगतमा पुल रहेका स्थानमा तत्काल बेलीब्रिज निर्माणलाई प्राथमिकता दिन उहाँले माग गर्नुभयो। 'होल्डिङ सेन्टर'मा बसोबास गरिरहेका बाढीपीडितलाई दीर्घकालीन समाधानसहित सुरक्षित र सम्मानजनक रूपमा घर फर्काउने वातावरण बनाउन तीन तहका सरकारबीच प्रभावकारी समन्वय र सहकार्य आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो।

"बाढीबाट बेत्रावती, भैंसे, अक्करे, त्रिशूली, देवीघाटलगायत बजार उठिबास लागेको छ।" मन्त्री रावललाई नुवाकोटका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मी, प्रहरी उपरीक्षक विपिन रेग्मीलगायत जिल्लास्थित सुरक्षा निकायका प्रतिनिधिहरूले जिल्लाका होल्डिङ सेन्टरको अवस्था तथा व्यवस्थापन, प्राप्त राहत सामग्री र त्यसको समानुपातिक वितरणका साथै नागरिकको दैनिक जनजीवनसँग जोडिएका स्वास्थ्य, आवागमन, विद्युत्, खानेपानीलगायतका विषयमा जानकारी गराएका थिए।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक**" तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## भोटेकोशी बाढी : त्रिवि शिक्षण अस्पतालबाट ४८ घाइते डिस्चार्ज, २५ जनाको उपचार हुँदै

काठमाडौँ । रसुवाको भोटेकोशी नदीमा यही भदौ १० गते आएको बाढीमा परेर घाइते भएकामध्ये ४८ विरामी उपचारपछि 'डिस्चार्ज' हुनुभएको छ ।

अस्पतालका प्रवक्ता डा गोपाल सेढाईंले अस्पतालमा ल्याइएका ७४ घाइतेमध्ये ४८ जना उपचारपछि 'डिस्चार्ज' हुनुभएको जानकारी दिनुभयो । यस्तै, उक्त अस्पतालमा हाल २५ जनाको उपचार भइरहेको छ ।

उपचार भएकामध्ये दुई जनाको आईसियु र दुईजनाको हाई केयरमा राखेर उपचार भइरहेको प्रवक्ता डा सेढाईंले बताउनुभयो । यस्तै, अस्पतालमा ल्याएका एक घाइतेको उपचारका क्रममा मृत्यु भएको छ । मृत्यु हुनेमा २५ वर्षीय कुशल मगर रहेका छन् ।

## नेपाल रेडक्रस स्थापना दिवस, स्वयंसेवकको निः स्वार्थ सेवा नै रेडक्रसको शक्ति : महासचिव चापागाईं

काठमाडौँ । नेपाल रेडक्रस सोसाइटीको ६४औँ स्थापना दिवस 'मानवताका लागि एकताबद्ध होऔँ' भन्ने नाराका साथ मनाइएको छ ।

रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी) का महासचिव जगन चापागाईंले नेपाल रेडक्रस सोसाइटीको ६४औँ स्थापना दिवसको हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ ।

सन्देशमा उहाँले सो क्रममा भन्नुभएको छ "६४ वर्षदेखि पीडित र विपन्न समुदायको साथमा उभिएको यस संस्थालाई नमन । विशेषगरी अहिलेको बाढी प्रतिकार्य कार्यमा दिनरात खटिरहेका हजारौं स्वयंसेवकप्रति गहिरो कृतज्ञता व्यक्त गर्दछु । तपाईंहरुको निः स्वार्थ सेवा नै रेडक्रसको साँचो शक्ति हो । "

काठमाण्डौंमा आयोजित कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष डा विशाल कुमार भण्डारी, रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी) का नेपाल प्रमुख डेभिड फिसर र रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसीआरसी) का नेपाल प्रमुख सन्देश श्रेष्ठबाट संयुक्त रूपमा ध्वजोत्तोलन गरिएको थियो । सोही अवसरमा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष डा भण्डारीले मानवताको सेवामा नेपाल रेडक्रस सोसाइटीले निर्वाह गर्दै आएको भूमिकालाई अझ प्रभावकारी र परिणाममुखी बनाउन सबै रेडक्रसकर्मी, स्वयंसेवक तथा साझेदारबिचको सहकार्य, एकता र सामूहिक प्रतिबद्धतालाई थप सुदृढ बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, " नेपाल रेडक्रसको मानवीय अभियानलाई सफल र प्रभावकारी बनाउन निस्वार्थ भावनाका साथ खटिने स्वयंसेवक नै रेडक्रसका वास्तविक आधारस्तम्भ र अभियानका प्रमुख शक्ति हुन् । विपद् तथा मानवीय सङ्कटका बेला समुदायको मुख्य मुख्य आवश्यकता पहिचान गरी समयमै प्रभावकारी सहायता पुऱ्याउन तथा बदलिँदो मानवीय आवश्यकता र चुनौतीअनुसार रेडक्रसका सेवा तथा अभियानलाई थप प्रभावकारी, समावेशी र परिणाममुखी बनाउँदै लैजानुपर्छ । " नेपाल रेडक्रस सोसाइटीका महामन्त्री ऋषिरमण खनालले मानवताको सेवा र मानवीय मर्यादाको संरक्षण गर्नु रेडक्रस अभियानको मूल भावना रहेको उल्लेख गर्दै स्थापना दिवसको अवसरमा सबै रेडक्रसकर्मी, स्वयंसेवक, साझेदार तथा शुभेच्छुकहरूलाई मानवताका लागि अझ एकताबद्ध भएर काम गर्न आह्वान गर्नुभयो ।

नेपाल रेडक्रस सोसाइटी काठमाडौँ जिल्ला शाखाका सभापति श्यामकाजी डोंटेलले नेपाल रेडक्रसले विपद्का समयमा मात्र नभई समुदायस्तरमा निरन्तर मानवीय सेवा गरिरहेको र रेडक्रससँग आबद्ध स्वयंसेवक तथा युवाहरूले निःस्वार्थ सेवाभावका साथ समाजमा योगदान पुऱ्याउँदै मानवीय मूल्य र सामाजिक उत्तरदायित्वलाई व्यवहारमा उतारिरहेको बताउनुभयो । आइएफआरसीका नेपाल प्रमुख फिसर कार्यक्रममा आइएफआरसीका नेपाल प्रमुख डेभिड फिसरले नेपाल रेडक्रससँगको सहकार्यको प्रशंसा गर्दै विपद् प्रभावित समुदायका लागि स्वास्थ्य, स्वच्छता, पारिवारिक सम्पर्कको पुनर्स्थापना, मनोसामाजिक परामर्श तथा बालमैत्री स्थानलगायतका क्षेत्रमा भइरहेको प्रतिकार्यको सराहना गर्नुभयो । उहाँले मानवीय सङ्कटका समयमा प्रभावकारी सहायता पुऱ्याउन सामूहिक प्रयास र सहकार्य भइरहेको बताउनुभयो । सोही अवसरमा आइसीआरसीका नेपाल प्रमुख सन्देश श्रेष्ठले मानवीय मूल्य, सिद्धान्त र सेवाभावलाई प्राथमिकतामा राख्दै रसुवा बाढी प्रतिकार्यमा पारिवारिक पुनर्स्थापना, शव व्यवस्थापन तथा मानवीय मर्यादा र संरक्षणका क्षेत्रमा नेपाल रेडक्रसले गरेको कार्यको प्रशंसा गर्नुभयो । उहाँले प्रतिकार्यका क्रममा देखिएका चुनौतीबिच प्रभावित परिवारसम्म प्रभावकारी सहायता पुऱ्याउन नेपाल रेडक्रस र आइसीआरसीबिच निरन्तर सहकार्य भइरहेको बताउनुभयो । पद्मकन्या क्याम्पसकी अध्यक्ष पूर्णीमा मैनालीले नेपाल रेडक्रससँग आबद्ध भएर मानवीय सेवामा जोडिन पाउँदा आफूलाई गर्व लागेको बताउनुभयो । उहाँले नेपाल रेडक्रसले निःस्वार्थ सेवा गर्न सिकाउनुका साथै 'समाजबाट म के पाउँछु?' भन्दा 'समाजलाई म के दिन सक्छु?' भन्ने भावना जागृत गराएको र यसले युवामा मानवीय भावना, सेवाभाव र सामाजिक उत्तरदायित्वको भावना अझ बलियो बनाउन सहयोग गरेको स्पष्ट पार्नुभयो ।

## सुदूरपश्चिमका नागरिकको खोजीमा प्रदेश सरकार क्रियाशील छः मुख्यमन्त्री भट्ट

धनगढी । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले भोटेकोशी बाढीमा परेर हराइरहेका नागरिकको खोजी तथा उद्धारका लागि प्रदेश सरकार तदारुकताका साथ लागि परेको बताउनुभएको छ ।

बाढीमा हराएका आफन्तको खोजीको माग गर्दै बिहीबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेका पीडितपरिवारसँगको भेटमा मुख्यमन्त्री भट्टले स्थानीय नागरिकको खोजी तथा उद्धारमा कुनै कसर बाँकी नराख्ने बताउनुभएको हो ।

मुख्यमन्त्री भट्टले हराइरहेका नागरिकको खोजीका लागि उपलब्ध सबै उपाय अवलम्बन गरिने उल्लेख गर्नुभयो । हराइरहेकाको खोजी तथा उद्धारका लागि सङ्घीय सरकारसँग आवश्यक समन्वय भइरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "पीडितपरिवारलाई आवश्यक सबै प्रकारको सहयोग उपलब्ध गराउन प्रदेश सरकार तयार छ ।"

प्रदेश सरकारले बेपत्ता नागरिकको खोजी तथा आफन्तसँग समन्वयका लागि हटलाइन सेवा सञ्चालन गरेको छ । उहाँले पीडितपरिवारलाई एक्लो महसुस हुन नदिने बताउँदै प्रदेश सरकार सधैं जनताको साथमा रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## स्वास्थ्य परीक्षणसँगै ज्येष्ठ नागरिकको सहारा बन्दै अर्जुनधारा

भद्रपुर । उमेर ढल्किँदै गएपछि स्वास्थ्य समस्या थपिँदै जान्छ । उपचारका लागि स्वास्थ्य संस्था पुग्न सक्ने अवस्था नहुँदा धेरै ज्येष्ठ नागरिक सामान्य समस्या लिएर घरमै बस्न बाध्य हुन्छन् । यहाँको अर्जुनधारा नगरपालिकाले ज्येष्ठ नागरिकलाई लक्षित गर्दै स्वास्थ्यकर्मीलाई टोलटोलमा पठाउन थालेको छ । अर्जुनधारा-८ को शनिश्चरे चोकस्थित ज्येष्ठ नागरिक चौतारी यसको उदाहरण बनेको छ । दिनहुँ ज्येष्ठ नागरिक भेला हुने चौतारीमा अहिले सुखदुःखका कुरा र राजनीतिक गफसँगै स्वास्थ्य परीक्षण हुन थालेको छ । स्थानीय आधारभूत स्वास्थ्य केन्द्रले हरेक महिनाको १६ गते ज्येष्ठ नागरिक चौतारीमा पुगेर स्वास्थ्य सेवा दिँदै आएको छ । वडाध्यक्ष कुमार उप्रेतीका अनुसार ज्येष्ठ नागरिकलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले २०८१ मङ्सिरदेखि टोलटोल तथा ज्येष्ठ नागरिक चौतारीमै पुगेर स्वास्थ्य परीक्षण सुरु गरिएको हो ।

"नागरिकलाई स्वास्थ्य संस्थासम्म आउन कठिन हुने भएकाले उहाँहरू भेला हुने स्थानमै पुगेर स्वास्थ्य परीक्षण र परामर्श दिने व्यवस्था मिलाएका छौं", उहाँले भन्नुभयो, 'हरेक महिनाको १६ गते ज्येष्ठ नागरिक चौतारीमा नियमित स्वास्थ्य सेवा दिँदै आएका छौं ।" बिहीबार उक्त ज्येष्ठ नागरिक चौतारीमा ४० जनाभन्दा बढीले स्वास्थ्य सेवा लिएका थिए । स्वास्थ्य केन्द्रकी नर्सिङ निरीक्षक मञ्जु बास्तोलाका अनुसार स्वास्थ्य परीक्षणसँगै ज्येष्ठ नागरिकलाई मानसिक स्वास्थ्यसम्बन्धी परामर्श दिइने गरिएको छ । गर्भवती महिलालाई भने स्वास्थ्य केन्द्रमा बोलाएर परामर्श दिने गरिएको उहाँले बताउनुभयो ।

नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख राजेन्द्र कुइँकेलका अनुसार कार्यक्रमको उद्देश्य स्वास्थ्य परीक्षणमा मात्र सीमित छैन । स्वास्थ्य संस्थासम्म पुग्न नसक्ने ज्येष्ठ नागरिकको स्वास्थ्य अवस्था बुझ्नुका साथै उनीहरूको एक्लोपन कम गर्नु पनि कार्यक्रमको महत्त्वपूर्ण पक्ष हो । "ज्येष्ठ नागरिकलाई गाह्रो-अप्ठ्यारो सोधिदिने कमै हुनुहुन्छ", कुइँकेलले भन्नुभयो, "छोराछोरी स्वदेशमा व्यस्त हुनुहुन्छ कि विदेशमा हुनुहुन्छ । बिरामी हुँदा स्वास्थ्य संस्थामा पुर्‍याउने मान्छेको अभाव छ । नातिनातिनी पुस्ता र ज्येष्ठ नागरिकबीच संवादहीनताको अवस्था छ ।"

सामाजिक रूपमा पनि कार्यक्रम प्रभावकारी हुने स्वास्थ्य शाखाको बुझाइ छ । ज्येष्ठ नागरिक भेला हुने स्थानमै पुगेर स्वास्थ्य सेवा दिँदा स्थानीय सरकारको उपस्थिति घरदैलोसम्म पुगेको अनुभूति हुने शाखा प्रमुख कुइँकेललको भनाइ छ । अर्जुनधारा नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा समेत ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षणलाई प्राथमिकतामा राखेको नगरप्रमुख बलदेवसिंह गोम्देन तामाङले बताउनुभयो ।

## खाद्य सुरक्षालाई ध्यान दिन प्रशासनको आग्रह

बागमती । जिल्ला प्रशासन कार्यालय, मकवानपुरले नागरिकको खाद्य सुरक्षा, स्वच्छता र उपभोक्ता अधिकारलाई ध्यान दिन सबैमा आग्रह गरेको छ ।

पृथ्वी राजमार्ग अन्तर्गत धादिङ जिल्लाको कृष्णभिर खण्ड बाढी पहिरोका कारण अवरुद्ध भएको अवस्थामा त्रिभुवन राजपथ र कान्ति राजमार्गबाट यातायात सञ्चालन भैरहेका अवस्थामा प्रशासनले ती राजमार्ग तथा वैकल्पिक मार्ग अन्तर्गतका सडक छेउछाउ तथा बजारमा खाद्य सुरक्षा, स्वच्छता र उपभोक्ता अधिकारलाई ध्यान दिन आग्रह गरेको हो ।

शुक्रबार प्रशासकीय अधिकृत सन्तोष सुवेदीले जारी गर्नुभएको सूचनामा राजमार्ग आसपासका होटेल, रेस्टुरेन्ट, पसल तथा केही व्यवसायीहरूबाट नागरिकको खाद्य सुरक्षा, स्वच्छता र उपभोक्ता अधिकारको बेवास्ता गर्दै यात्रुहरूसँग फरक परिस्थितिको फाइदा उठाउन चर्को मूल्य असुली गर्ने, मूल्य सूची नराख्ने, मापदण्ड विपरीत तथा अखाद्य र अस्वस्थ खानेकुरा बेचबिखन गर्ने लगायतका गुनासा हरू प्राप्त भएको उल्लेख गरिएको छ ।

सो अवसरमा प्रशासनले सवारी आवागमन कार्यलाई सहज, सुरक्षित तथा व्यवस्थित बनाउन मालवाहक तथा ठूला यात्रुवाहक सवारी साधनहरू त्रिभुवन राजपथ हुँदै काठमाडौंतर्फ जाने र कान्ति राजमार्ग हुँदै फर्किने, साना यात्रुवाहक सवारी साधनहरू भीमफेदी कुलेखानीको बाटो काठमाडौं आवतजावत गर्ने व्यवस्था मिलाएको छ व्यवसायी/ विक्रेताहरुलाई त्यस्तो नगर्नुहुन तथा त्यस्तो गतिविधि गरेको पाइए प्रचलित कानुन बमोजिम कडा कारवाही गरिने गरिने उल्लेख गर्दै प्रशासनले यात्रु तथा उपभोक्ताहरूले पनि विल/रसिद लिएर मात्र भुक्तानी गर्ने, मूल्य सूची जाँच गर्ने र अनियमितता देखिएमा तत्काल नजिकको प्रहरी चौकी वा जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउन अनुरोध गरेको छ ।

## टोखामा सिसी क्यामेरा जडान गरिँदै

काठमाडौँ । काठमाडौंको टोखा नगरपालिकाले रु चार करोड लागतमा सिसी क्यामेरा जडान गर्ने भएको छ ।

टोखाले नगर क्षेत्रभित्रको शान्ति सुरक्षा, ट्राफिक व्यवस्थापन तथा सुशासनलाई थप प्रभावकारी बनाउन अत्याधुनिक प्रविधिको सिसी क्यामेरा जडान गर्न लागेको हो ।

सिसी क्यामेरा जडान गर्न नगरपालिका र काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीबीच बिहीबार समझदारीपत्रमा हस्ताक्षर भएको छ । समझदारीपत्रमा टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारी र काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) सुशीलसिंह राठौरले हस्ताक्षर गर्नुभयो ।

सम्झौताअनुसार चालु आवको अन्त्यसम्म नगरपालिका भित्र पहिचान गरिएका मुख्यमुख्य चोक तथा संवेदनशील स्थानमा प्रहरीले निर्धारण गरेको मापदण्ड अनुसार सिसीटिभी जडान गरिनेछ । नगरपालिकाले सिसी क्यामेरा जडानका लागि जनता सुरक्षा कार्यक्रमअन्तर्गत रु चार करोड उपलब्ध गराउनेछ । सिसीटिभी प्रणाली खरिद तथा जडानसम्बन्धी प्रक्रिया भने प्रचलित सार्वजनिक खरिद कानुनबमोजिम काठमाडौं उपत्यका प्रहरी कार्यालयले गर्नेछ ।

सिसी क्यामेरा जडानसँगै टोखाभित्रको सुरक्षा निगरानीलाई थप प्रभावकारी बनाउनुका साथै अपराध नियन्त्रण तथा अनुसन्धानमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । सम्झौताअनुसार प्रणालीको सञ्चालन, व्यवस्थापन तथा अनुगमनका लागि नगरपालिका र प्रहरी कार्यालयका प्रतिनिधिसहितको संयुक्त समिति रहनेछ । समितिले प्रणालीबाट प्राप्त उपलब्धि तथा नगरको सुरक्षा र सुशासनमा परेको प्रभावको मूल्याङ्कन गर्दै आगामी दिनमा यसको निरन्तरता, विस्तार र क्षमता अभिवृद्धिका लागि आवश्यक सिफारिस गर्नेछ ।

टोखा नगरपालिकामा यसअघि जडान भई सञ्चालनमा रहेका सिसीटिभी प्रणालीलाई समेत नयाँ प्रणालीसँग आबद्ध गर्दै एकीकृत सुरक्षा निगरानीलाई थप प्रभावकारी बनाइने जनाइएको छ ।

## सर्लाहिका किसानले सिँचाइ सुविधा पाएनन्

सर्लाही । सर्लाहीको बलरामा व्यवस्थित नहरको अभावमा ठूलो धनराशि खर्च गरेर निर्माण गरिएको ब्यारेज तीन दशकसम्म पनि सञ्चालनमा आउन सकेको छैन ।

बलरा नगरपालिका-१० र रामनगर गाउँपालिका-१ को सिमाना सुदामामा निर्माण भएको सिँचाइ ब्यारेज ३१ वर्षदेखि अलपत्र अवस्थामा छ । बाह्रै महिना पानी बग्ने एकादशी खोलामा २०५२ सालमा ब्यारेज निर्माण गरिएको थियो । सुदामा, छोटउल, अचलगड, बलरा अर्नाह, मिर्जापुर, छतौना, खेअर्वा, रामनगर बहुअर्वालगायत साविक दर्जन बढी गाविसका खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुर्‍याउने उद्देश्यसहित निर्माण भएको ब्यारेज प्रयोग नै नभई अलपत्र बनेको हो । ब्यारेज रु छ करोड लागतमा निर्माण भएको थियो । कृषिको उर्वर भूमिका रूपमा रहेको यस क्षेत्रमा सिँचाइको भरपर्दो सुविधा नहुँदा किसान वर्षाको पानीको भरमा खेती गर्न बाध्य छन् । यस क्षेत्रका सयौं बिघा खेतीयोग्य भूभाग वर्षात्मा जलमग्न र हिउँदमा खण्डहर बन्ने गरेको बलरा नगरपालिका-५ मिर्जापुरका किसान शङ्कर साहले गुनासो गर्नुभयो । "ब्यारेजसँग जोडिएको एउटा नहर छ", उहाँले भन्नुभयो, "त्यो पनि अव्यवस्थित छ ।"

# हेटौँडालाई साइकलको सहर बनाउने अभियानमा हिमालयन राइडर्स

बागमती । हिमालयन राइडर्स सोसाइटी, हेटौँडाले बागमती प्रदेशको राजधानी हेटौँडालाई साइकलको सहर (साइकल सिटी) का रूपमा विकास गर्ने लक्ष्य अनुरुप अभियान अघि बढाएको छ ।

विसं २०७८ देखि संस्थागत रूपमा स्थापना भएसँगै संस्थाकै पहल एवम् सरोकारवाला निकाय सँगको सहकार्यमा हेटौँडाको बुद्ध चोकबाट चारैतर्फको करिब एक/एक किलोमिटर दूरीमा साइकल 'लेन' बनिसकेको सोसाइटीका अध्यक्ष राजु थापा मगरले जानकारी दिनुभयो। उहाँका अनुसार बुद्धचोकबाट कान्ति लोकपथ, कर्रा जाने मार्ग, चौकी टोल जाने मार्ग र राप्ती रोड जाने मार्गमा साइकल लेन बनिसकेको छ। आफूहरूले हेटौँडालाई साइकल सिटीका रूपमा विकास गर्नुपर्छ भन्ने लक्ष्यका साथ अभियानकै रूपमा पहल गरिररहेको बताउनुभयो ।

"यहाँ बन्ने सडक साइकल लेनसहितका हुनुपर्छ भन्ने तर्फ हामी सम्बद्ध निकायसँग पहल बढाएका छौँ," उहाँले भन्नुभयो, "साइकल लेन सहरको सौन्दर्यीकरणसँगै साइक्लिङ को आकर्षण अभिवृद्धिका लागि अपरिहार्य छ ।" स्वास्थ्य, पर्यटन र पर्यावरणमा जोड दिँदै हेटौँडासहित देशका विभिन्न गन्तव्यको प्रवर्द्धन गरिरहेको संस्थामा हाल १० देखि ७३ वर्ष उमेर समूहसम्मका साइकलयात्री गरी १६० जनाभन्दा बढी व्यक्ति साधारण एवम् आजीवन सदस्यका रूपमा आबद्ध रहनुभएको छ । उहाँका अनुसार पर्यावरणको रक्षाका लागि संस्थाकै पहलमा हेटौँडा र आसपासका विभिन्न गन्तव्यमा वृक्षरोपण गरिँदै आइएको छ। संस्थाले समाजिक उत्तरदायित्व अन्तर्गत समयसमयमा रक्तदान, आँखादान, निःशुल्क स्वास्थ्य परीक्षण जस्ता कार्यक्रम पनि सञ्चालन गर्दै आएको जानकारी दिनुभयो।

# नेप्से परिसूचक ४.६६ अंकले बढ्यो

काठमाडौँ। धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार सामान्य अङ्कले बढेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक चार दशमलव ६६ अङ्कले बढेर दुई हजार ५४२ दशमलव ७७ मा पुगेको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ३१ अङ्कले बढेर ४४९ दशमलव ५० मा पुगेको छ। त्यस्तै, फ्लोट सूचक शून्य दशमलव १५ अङ्कले बढेर १७४ दशमलव ३५ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव १२ अङ्कले बढेर १५१ दशमलव ७३ मा पुगेको छ ।

विभिन्न कम्पनीका एक करोड २१ लाख ६३ हजार ७६३ कित्ता सेयर रु तीन अर्ब ४६ करोड ५२ लाख एक हजार ४२ मूल्यमा खरिद बिक्री भएको छ । बिहीबार १३ उपसमूहमध्ये नौ उपसमूह बढ्यो भने चार उपसमूह घटेको छ । बिहीबार १४५ कम्पनीको सेयर बढ्यो भने १२३ कम्पनीको सेयर घट्यो ।

त्यसैगरी, १० कम्पनीको सेयर स्थिर रह्यो। नेप्सेका अनुसार विन नेपाल लघुवित्त वित्तीय संस्था, चिर्खवा हाइड्रोपावर कम्पनी, आशा लघुवित्त कम्पनीका लगानीकर्ताले कमाएका छन्। बिहीबार पियोर इनर्जी, आत्मनिर्भर लघुवित्त कम्पनी रक सेन्ट्रल फाइनान्स कम्पनीका लगानीकर्ताले गुमाएका छन्।

# विपद्बारे कांग्रेसद्वारा जनप्रतिनिधिसँग छलफल

काठमाडौँ । नेपाली कांग्रेसले भोटेकोशी बाढीको विपद् सम्बन्धमा स्थानीय जनप्रतिनिधिहरूसँग छलफल गरेको छ ।

कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले बाढी प्रभावित क्षेत्रमा राहत एवं उद्धार केन्द्रीत रहेर स्थानीय जनप्रतिनिधिसँग बिहीबार छलफल गरेको हो ।

कांग्रेसका उपसभापति तथा प्रतिष्ठानका प्रमुख विश्वप्रकाश शर्माले भोटेकोशीमा आएको विपत्तिलगत्तै राष्ट्रिय विपद्लाई एकताका साथ सामना गर्नुपर्छ भन्ने नीतिका साथ सरकारलाई सहयोग गरेको बताउनुभयो ।

उहाँले रसुवाका जलविद्युत् आयोजनाका सुरूङमा फसेकाहरूको व्यक्तिहरूको उद्धारका लागि सुरुआती चरणमा प्राविधिकको सहयोग नलिएका कारण उद्धार प्रभावकारी हुन नसकेको टिप्पणी गर्नुभयो ।

एउटालाई परेको विपत्तिमा अर्काले सघाउने भावनाका साथ स्थानीय तहबीच समन्वय गरेर सहयोग गर्न पनि उहाँले जन प्रतिनिधिहरूलाई आग्रह गर्नुभयो । छलफलमा रसुवा, नुवाकोट र धादिङका कांग्रेस जिल्ला पार्टी सभापतिहरूले पीडित र प्रभावित नागरिकले उद्धार र राहतका लागि सङ्घीय सरकारले स्थानीय सरकार र जनप्रतिनिधिसँग समन्वय गरी काम गर्नुपर्ने सुझाव दिनुभएको थियो । साथै उहाँहरूले राहत सामग्रीको प्रभावकारी वितरणका लागि एकद्वार प्रणाली स्थानीय सरकारले सञ्चालन गर्नुपर्ने सुझाव दिनुभएको थियो ।

उक्त छलफलमा नेपाल नगरपालिका सङ्घका अध्यक्ष भीम ढुङ्गाना, गाउँपालिका राष्ट्रिय महासङ्घका निवर्तमान महासचिव वंशलाल तामाङका साथै रसुवा, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौँ, ललितपुर र भक्तपुरका महानगर, नगर तथा गाउँपालिकाका प्रमुख, उपप्रमुख र वडाध्यक्ष तथा पार्टी प्रतिनिधिहरू सहभागी हुनुहुन्थ्यो ।

# भोटेकोशी बाढीः चार हजार २१६ अझै सम्पर्कविहीन

काठमाडौँ । रसुवास्थित भोटेकोशी नदीमा यही भदौ १० गते गएको विनाशकारी बाढीपछि अझै चार हजार २१६ जना सम्पर्कविहीन रहेका छन्। बाढीबाट ठूलो मानवीय तथा भौतिक क्षति भएपछि सुरक्षा निकायले खोज तथा उद्धार कार्यलाई तीव्र बनाएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आज सार्वजनिक गरेको विवरणअनुसार सम्पर्कविहीन हुनेमा नेपाली सेनाका ४५, नेपाल प्रहरीका २५ र सशस्त्र प्रहरी बल नेपालका १३ जना रहेका छन् ।

भन्सार कार्यालयका १४, अध्यागमन कार्यालयका तीन तथा रसुवाका करिब ८६५ जना सम्पर्कविहीन छन् ।

प्राधिकरणका अनुसार नुवाकोटका एक हजार ५५८, विदेशी नागरिक ५८३ तथा पर्यटकसँग गएका १६४ जना नेपाली पनि सम्पर्कविहीन छन् । जलविद्युत् आयोजनामा कार्यरत करिब ९००, लाङटाङ राष्ट्रिय निकुञ्जका तीन, क्वारेन्टिइन कार्यालयका तीन, जनप्रतिनिधि सात, स्थानीय तह तथा मातहतका कर्मचारी ३२ र निजी विद्यालयका एक शिक्षक सम्पर्कविहीन रहेको विवरणमा उल्लेख छ। प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार बाढी प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका गरी २१ हजार ४०२ जना सुरक्षाकर्मी परिचालन गरिएको छ । खोज तथा उद्धारमा नेपाल प्रहरीका सात हजार ९१२, नेपाली सेनाका नौ हजार २८७ र सशस्त्र प्रहरी बल नेपालका चार हजार २०३ जना सुरक्षाकर्मी खटिएका छन् ।

पाँच हजारभन्दा बढीको उपचार

बाढीबाट प्रभावितमध्ये हालसम्म पाँच हजार १३५ जनाको उपचार गरिएको प्राधिकरणले जनाएको छ। विभिन्न अस्पतालमा ३०१, नेपाली सेनाबाट तीन हजार २०६ र सशस्त्र प्रहरी बल नेपालबाट एक हजार ६२८ जनाले स्वास्थ्य उपचार सेवा पाएका छन् ।

हाल तीन हजार ९४८ जना 'होल्डिङ सेन्टर'मा राखिएको प्राधिकरणले जनाएको छ। बाढीमा परी हालसम्म मृत्यु हुनेको सङ्ख्या एक हजार २५२ पुगेको छ।

प्राधिकरणका प्रवक्ता महतका अनुसार रसुवामा १२७, नुवाकोटमा १७७, धादिङमा ६०, गोरखामा ६९, नवलपरासी पूर्वमा २१८, नवलपरासी पश्चिममा २०८, तनहुँमा ३८ र चितवनमा ३५५ जनाको शव फेला परेको छ। दुर्गम तथा सडक सम्पर्क विच्छेद भएका क्षेत्रमा उद्धार तथा राहत सामग्री पुर्याउन नेपाली सेनाले हवाई उद्धारलाई उच्च प्राथमिकताका साथ सञ्चालन गरिरहेको छ । सेनाले हालसम्म चार हजार ९१ नेपाली र २७३ विदेशी नागरिकको हवाई उद्धार गरेको जनाएको छ ।

खोज तथा उद्धारका क्रममा नेपाली सेनाले हालसम्म ७१५ पटक हवाई उडान गरेको छ । बुधबार मात्रै सेनाले २५ वटा हवाई उडान सञ्चालन गरेको प्राधिकरणले जनाएको छ। निजी क्षेत्रबाट पनि हालसम्म १२९ वटा हवाई उडान मार्फत उद्धार तथा राहत कार्यमा सहयोग पुगेको छ । सडक सम्पर्कविच्छेद भएका र दुर्गम क्षेत्रमा हवाई माध्यमबाट उद्धारसँगै राहत सामग्री पुर्याउने काम जारी रहेको प्राधिकरणले जनाएको छ ।

भोटेकोशी नदीमा आएको बाढीले एकैपटक ठूलो मानवीय तथा भौतिक क्षति पुर्याएपछि राज्यका सुरक्षा निकाय, स्थानीय तह र विभिन्न सरकारी तथा गैरसरकारी निकाय निरन्तर उद्धार, उपचार र राहत व्यवस्थापनमा सक्रिय छन् । अझै चार हजारभन्दा बढी व्यक्ति सम्पर्कविहीन रहेकाले उनीहरूको खोजी तथा उद्धारलाई थप तीव्र बनाइएको प्राधिकरणले जनाएको छ।

# दैनिक ८५ हजार लिटर वृद्धि गरी एक लाख ५० हजार लिटर दूध संकलन गर्ने डिडिसीको लक्ष्य

चितवन । दुग्ध किसानको बक्यौता भुक्तानी र उत्पादनको ठूलो मात्रा मौज्दातसहित वित्तीय सङ्कटबीच लामो समयदेखि गुज्रिरहेको दुग्ध विकास संस्थान (डिडिसी) ले दैनिक एक लाख ५० हजार लिटर दूध सङ्कलन गर्ने लक्ष्य लिएको छ ।

संस्थालने दूध लिएबापतको रकम किसानलाई नियमित रुपमा भुक्तानी दिने व्यवस्था सुनिश्चित गरी दुग्ध सङ्कलन तथा दुग्धजन्य पदार्थको बिक्री केन्द्र विस्तार गरेर दैनिक एक लाख ५० हजार लिटर सङ्कलन गर्ने महत्वाकाङ्क्षी लक्ष्य लिएको हो । किसानबाट दैनिक ६५ हजार लिटर दूध खरिद गर्दै आएको संस्थानले अब थप ८५ हजार लिटर वृद्धि गर्ने लक्ष्य लिएको बताएको छ । संस्थानका महाप्रबन्धक डा शरणकुमार पाण्डेले नियमित भुक्तानी व्यवस्थासहित दुग्ध किसानलाई विश्वासमा लिएर उत्पादन तथा बिक्रीवितरणका दृष्टिले उपयुक्त स्थानको पहिचान गरी देशव्यापी रुपमा सञ्जाल विस्तार गरी लक्ष्य हासिल गर्ने योजना रहेको बताउनुभयो ।

देशका प्रधानमन्त्रीसहित नेपाल सरकारबाट डिडिसीको बजार प्रवर्द्धनमा अमूल्य योगदान भएकामा गर्व गर्दै महाप्रबन्धक डा पाण्डेले भन्नुभयो, "सम्माननीय प्रधानमन्त्री ले खुलेरै डिडिसीको महत्वसहित प्रचार गर्नुभएको छ। यसबाट हामी थप उत्साहित भएका छौँ । अहिले परिस्थिति अनुकूल भएकाले स्पष्ट लक्ष्य-योजनासहित परिणाम देखिनेगरी काम गर्नुपर्ने दायित्व थपिएको छ । सरकार र आम उपभोक्ताको अपेक्षाअनुसार गुणस्तरीय उत्पादनसहित डिडिसी लाई आर्थिक रुपले सबल बनाउनेछौँ।"

सहकारी संयन्त्रमार्फत सीमित स्थानमा मात्र दूध सङ्कलन हुँदै आएको र किसानले समयमै दूधको मूल्य नपाएको अवस्थालाई सम्बोधन गर्ने पक्षमा संस्थान रहेको स्पष्ट गर्दै पाण्डेले भन्नुभयो, "दूध उत्पादनका हिसाबले सम्भावना भएका स्थानमा आवश्यक पूर्वाधार को व्यवस्था गरी सङ्कलन केन्द्र विस्तार गर्नेछौँ। यसअघिको बक्यौता छिट्टै फरफारक गरी नियमित रुपमा भुक्तानीको व्यवस्था सुनिश्चित गरी किसानको विश्वास जित्नेछौँ । मात्रात्मक एवं गुणात्मक दृष्टिले दूधको सङ्कलन, उत्पादन तथा बिक्रीवितरणमा जोड दिई लक्ष्य पूरा गर्नेछौँ।"संस्थाले किसानको बक्यौता घटाउनुका साथै दूध सङ्कलन तथा बिक्रीदर बढेको भन्दै पछिल्ला दिनमा दुग्धजन्य वस्तुको मौज्दात घटाएको र नयाँ बजारसहित निर्यातका सम्भावना खोज्न थालेको उहाँले बताउनुभयो। आफूले गत वैशाख १८ गते जिम्मेवारी सम्हाल्दा संस्थानसँग करिब ६०० टन धुलो दूध (मिल्क पाउडर), ५०० टन बटर र १० टन पनिर मौज्दात रहेको जानकारी दिँदै त्यसलाई बजारीकरण गरेर मौज्दात घटाइएको उहाँले बताउनुभयो। महाप्रबन्धक डा पाण्डेले भन्नुभयो, "चार महिनाअघि किसानलाई करिब रु ७२ करोड भुक्तानी दिन बाँकी थियो, डिडिसीका कुनै पनि उत्पादन अन्तरराष्ट्रिय बजारमा निर्यात हुने अवस्था थिएन। तर, अहिले बक्यौता रु २० करोडमा झरेको छ र उत्पादित वस्तु विदेशमा बिक्रीवितरण भइरहेको छ, यसबाट अपेक्षा गरिएअनुसारको परिणाम दिन सकिन्छ भन्ने विश्वास लिएको छु।"

यसैगरी, करिब ६०० धुलो दूधको मौज्दात घटेर करिब १२० टनमा झरेको, ५०० टन हाराहारीमा रहेको बटरको मौज्दात १२५ टन बाँकी रहेको र पछिल्लो तीन महिना १५ दिनभित्र संस्थानले करिब रु ७० करोड भुक्तानी गरिसकेको डा पाण्डेले जानकारी दिनुभयो । डिडीसीले नियमित रूपमा दूध खरिद गरिरहेकाले भुक्तानी बाँकी रहने रकमलाई क्रमश: व्यवस्थापन गर्दै लैजाने उहाँको भनाइ छ । आफू महाप्रबन्धक हुँदा आठ महिनाको भुक्तानी बाँकी रहेकामा अहिले दुई महिनाको मात्र बाँकी रहेको उहाँले जानकारी दिनुभयो।

# कोशी प्रदेशसभा : वार्षिक प्रतिवेदन पेस

विराटनगर । कोशी प्रदेशसभाको बिहीबारको बैठकमा 'मुस्लिम आयोगको सातौँ वार्षिक प्रतिवेदन' सभामा पेस भएको छ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीका तर्फबाट आन्तरिक मामिला तथा कानुनमन्त्री गोम्बु शेर्पाले आर्थिक वर्ष २०८१/८२ को सो वार्षिक प्रतिवेदन सभामा पेस गर्नुभएको हो । सो प्रतिवेदनलाई सभामुख अम्बरबहादुर विष्टले आवश्यक छलफलका लागि सामाजिक विकास समितिमा पठाएको जानकारी दिनुभयो ।

कोशी प्रदेशसभा न्याय, प्रशासन तथा विधायन समितिको सभापति कमला दर्नालले आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन सदनमा पेस गर्नुभयो ।

शून्य समय

शून्य समयमा कोशी प्रदेशसभा सदस्य गीतारानी महतो, सिर्जना राई, रामदेव यादव, तारादेवी ढकाल, लखीकुमारी गणेश, मैया श्रेष्ठ र शोभा चेम्जोङले भदौ १० गते भोटेकोशीमा आएको विनाशकारी बाढीमा ज्यान गुमाएकोप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभयो ।

सो क्रममा उहाँहरूले बाढीको चपेटामा परेका नागरिकको खोज, उद्धार, उपचार, राहतको कार्यसँगै उचित बासको व्यवस्थपन गर्न सरकारसँग माग गर्नुभयो । उहाँहरूले विपद्मा तीनै तहका सरकार, नागरिक समाज, विभित्र सङ्घसंस्था मिलेर काम गर्न सुझाव पनि दिनुभयो । अर्को बैठक भदौ २२ गते दिउँसो १:०० बजे बस्नेछ।

# मानसिक स्वास्थ्यमा ध्यान दिन सुझाव

काठमाडौँ । रसुवा बाढीपछि प्रभावित क्षेत्रका नागरिकको जनस्वास्थ्यमा गम्भीर सङ्कट आउनसक्ने हुँदा समयमै सावधानी अपनाउन चिकित्सकले सल्लाह दिनुभएको छ ।

ग्राण्डी अन्तरराष्ट्रिय अस्पतालका कन्सल्टेन्ट फिजिसियन डा अमित गौली बाढी प्रभावित क्षेत्रमा विभिन्न रोग फैलिनसक्ने भएकाले विशेष सावधानी अपनाउनु पर्ने बताउनुहुन्छ । बाढीपछि विशेषगरी दूषित पानी र अस्वस्थ खानपानका कारण झाडापखाला जस्ता पेटसम्बन्धी रोग र श्वास प्रश्वास को समस्या बढ्ने सम्भावना भएकाले विशेष ख्याल दिनुपर्ने चिकित्सकको भनाइ छ। डा गौलीका अनुसार बाढीका क्रममा लागेका घाउचोटमा सङ्क्रमणको जोखिम हुने भएकाले समयमै उपचारको व्यवस्था मिलाउन आवश्यक छ । डा गौली भन्नुहुन्छ, "त्यस अवस्थामा औषधि खाइरहेका बिरामीले नियमितता कायम गर्न नसक्दा र नयाँ सङ्क्रमण थपिँदा जोखिम बढ्ने भएकाले विशेष सावधानी अपनाउन आवश्यक रहेको छ ।"

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com